# धुनिवेशी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## खानिखोला, धादिङ
## बागमती प्रदेश, नेपाल

प.सं. ०७७/०७८ मिति:- २०७७/०६/२८
च.नं.:

## सेवा करार पदपूर्ती गर्ने सम्बन्धी सूचना

*प्रथम पटक सूचना प्रकाशित मिति २०७७।०६।२८*

स्थानीय तहमा कोभिड-१९ अस्थायी अस्पताल संचालन सम्बन्धी मार्गदर्शन-२०७७ बमोजिम यस धुनिवेशी नगरपालिकामा कोभिड-१९ सम्बन्धि अस्थायी अस्पताल संचालन गर्न तपसिल बमोजिमका कर्मचारीहरु सेवा करार सम्झौता बमोजिम करार सेवामा पदपूर्ती गर्नु पर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र आफ्नो विवरण सहित तोकिएको ढाँचामा यस नगरपालिकामा दरखास्त पेश गर्नुहुन अनुरोध छ ।

| सि. नं. | विज्ञापन नं. | पद | श्रेणी तह | आवश्यक शैक्षिक योग्यता | आवश्यक पद संख्या | परिक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ०७७। ०७८-२ | (मेडिकल अफिसर) अधिकृत | अधिकृत आठौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट एम.बि.बि.एस वा सो सरह उत्तिर्ण गरी एन.एम.सि. परिक्षा उत्तिर्ण भएको | १ (एक) | १,०००।- | कोरोना अस्पतालमा कामकाज गर्न |
| २ | ०७७। ०७८-३ | हे.असिस्टेन्ट | सहायक स्तर पाँचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट हेल्थ असिस्टेन्ट उत्तिर्ण गरेको र स्वास्थ्य व्यवसायी परिषदमा दर्ता भएको हुनुपर्नेछ । | २ (दुई) | ७००।- | कोरोना अस्पताल कामकाज गर्न-१, जीवनपुर स्वास्थ्य चौकीको लागि-१ |
| ३ | ०७७। ०७८-४ | स्टाफ नर्स | सहायक स्तर पाँचौं | मान्यता प्राप्त शिक्षण संस्थाबाट स्टाफ नर्स उत्तिर्ण गरेको, नेपाल नर्सिङ काउन्सिलमा दर्ता भएको हुनुपर्नेछ । | १ (एक) | ७००।- | कोरोना अस्पतालमा काम काज गर्न |
| ४ | ०७७। ०७८-५ | कार्यालय सहयोगी | स्तर विहिन | एस.एल.सि./एस.ई.ई. उत्तिर्ण गरेको | १ (एक) | ५००।- | कोरोना अस्पताल कामकाज गर्न |

१) **दरखास्त दिने स्थान:-** धुनिवेशी नगरपालिका कार्यालय, खानीखोला, धादिङ ।

२) **सम्पर्क मिति:-** दरखास्त बुझाउने म्याद समाप्त भएको भोलिपल्ट ।

३) **दरखास्त दिने अन्तिम मिति:-** प्रथम पटक सूचना प्रकाशित भएको मितिले ३० दिन भित्र (अन्तिम मितिका दिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट वा कार्यालय खुलेको पहिलो दिन सम्म दरखास्त पेश गर्न सकिने छ ।)

४) **छनौटको किसिम:-** धुनिवेशी नगरपालिकामा करारमा प्राविधिक कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि-२०७४ बमोजिम ।

५) **सेवा सुविधा:-** नेपाल सरकारद्वारा निर्धारित तलवमान बमोजिमको शुरु स्केल ।

६) **सेवा करार अवधि:-** नियुक्त भएको मितिले ३ (तिन) महिना सम्म (आवश्यकता अनुसार सेवा करार अवधि थप गर्न सकिने) ।

७) **दावि एवं शर्त सम्बन्धि व्यवस्था:-** करारमा काम गरेको आधारमा पछि कुनै पनि किसिमको पदमा अस्थायी वा स्थायी नियुक्ति हुनका लागि दावी गर्न पाइने छैन ।

८) तोकिए बमोजिमको शैक्षिक योग्यता हासिल गरेको र प्रचलित कानून बमोजिम अयोग्य नभएको हुनु पर्नेछ ।

९) **उमेर:-** १८ वर्ष पूरा भई ४५ वर्ष ननाघेको हुनुपर्नेछ ।

१०) **आवेदन साथ पेश गर्नुपर्ने कागजातहरु:-** पासपोर्ट साइजको दुई प्रति फोटो, नागरिकता, न्यूनतम योग्यताको लब्धांङ्क प्रमाणपत्र, चारित्रिक प्रमाणपत्र ।

११) **दरखास्त फारम:-** www.dhunibeshimun.gov.np बाट डाउनलोड गर्न सकिने छ । डाउनलोड गरेको फारम भरी आवश्यक कागजातहरु र दरखास्त साथ राष्ट्रिय वाणिज्य बैंक शाखा कार्यालय खानीखोलाको खाता नं. १०८०१००३०१०१०००३ राजश्व खातामा (परिक्षा दस्तुर) जम्मा गरेको भौचर यस कार्यालयमा उपस्थित भई वा यस कार्यालयको इमेल ठेगाना: dhunibeshimun@gmail.com मा पेश गर्न सकिनेछ ।